# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाडौं

मिति: २०७७।०३।२९ गते।

## प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

जिल्ला शिक्षा कार्यालय वैतडीका तत्कालीन जिल्ला शिक्षा अधिकारी, पूर्व जि.शि.अ., स्रोतव्यक्तिसमेतको मिलेमतोमा जशलिङ्ग प्रा.बि. शिक्षक महानन्द कपाडी कर्तब्य ज्यान मुद्दामा दोषी ठहर भएपश्चात निजलाई निलम्बन नगरी बिद्यालयबाट पाउने तलब भत्ता सुबिधा प्रदान गरी भ्रष्टचार गरेको हुँदा छानबिन गरीपाउँ भन्ने व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निज महानन्द कपाडीले बिद्यालय व्यवस्थापन समितिका अध्यक्ष देवराज कपाडी र श्रोतव्यक्ति हरिनाथसमेतको सहमतिमा रु. ८१,९००।—(एकासी हजार नौ सय रुपैयाँ) सरकारी रकम बुझी लिएको देखिन आएको हुँदा जसलिङ्ग प्राथमिक विद्यालयका तत्कालीन शिक्षक/प्रधानाध्यापक महानन्द कपाडी, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष देवराज कपाडी र स्रोत व्यक्ति हरिनाथले भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद २ को दफा १७ बमोजिम कसुर गरेको देखिंदा निजहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ मा उल्लेख भएबमोजिम बिगो रु. ८१,९००।—(त्रियासी हजार एक सय रुपैयाँ) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को दहाय खण्ड (ग) बमोजिम सजाय गरी सोही ऐनको दफा १७ बमोजिम हिनामिना गरेको बिगो असुलउपर गरी पाउन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

प्रवक्ता<br>
प्रदीपकुमार कोइराला